# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

मिति २०८१ साल पुष २९ गते सोमबारका दिन स्मार्ट महल, धुम्बाराही, काठमाण्डौमा सम्पन्न

# <u>बाह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका</u>

## १. पृष्ठभूमी

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८१ साल पुष २९ गते सोमबार (तदनुसार १३ जनवरी, २०२५) मा स्मार्ट महल, धुम्बाराही, काठमाडौमा सम्पन्न भयो । कम्पनी सचिव श्री नरनाथ न्यौपानेले सभाहलमा कम्पनीको संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रबन्ध संचालक, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, लेखापरीक्षक, शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. का प्रतिनिधि, संस्थापक शेयरधनीका प्रतिनिधिहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै बाह्रौं वार्षिक साधारण सभामा सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो । कम्पनीको संचालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले सभाको अध्यक्षता गर्नु भए पश्चात सभाध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट सभा संचालन भयो ।

साधारण सभामा अध्यक्षज्यूले आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु प्रस्तुत भई सो उपर छलफल तथा निर्णय भयो । सभा विहान ११:०० बजे शुरु भई निर्धारित विषय सूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १२:३० बजे सम्पन्न भयो ।

## २. सभाको सूचना

कम्पनीको बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८१/०९/०५ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा र दोस्रो पटक मिति २०८१/०९/२२ मा समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै सभाको सूचना, विषय सूची, आ.व. २०८०/०८१ को वासलात, नगद प्रवाह विवरण र अनुसूचीहरु सम्मिलित वार्षिक प्रतिवेदन संस्थापक शेयरधनीहरु तथा सम्पर्कमा रहेका साधारण शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो ।

## ३. उपस्थिति

**(क) कम्पनीका संचालक समिति तथा व्यवस्थापनका पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री सुभाष कुमार मिश्र | अध्यक्ष |
| २. | श्री राम प्रसाद रिमाल | संचालक |
| ३. | श्री भिम प्रसाद तिमल्सिना | संचालक |
| ४. | श्री राजन ढकाल | संचालक |
| ५. | श्री छवि लाल गैह्रे | प्रबन्ध संचालक |
| ६. | श्री बच्चुराम रिमाल | संचालक |
| ७. | श्री सुनौं औदी तमाङ | संचालक |
| ८. | श्री अग्रिम रत्न शाक्य | संचालक |
| ९. | श्री लक्ष्मी न्यौपाने गौतम | संचालक |
| १०. | श्री नरनाथ न्यौपाने | कम्पनी सचिव |

रसुवागढी हाइड्रोपावर कं. लि. 2011 A.D. RASUWAGADHI HYDROPOWER CO. LTD.

| | |
|---|---|
| ११. श्री सत्य राम ज्याख्व | आयोजना प्रमुख |
| १२. श्री प्रदिप मानन्धर | विज्ञ, करार प्रशासन |
| १३. श्री पुष्कर अमात्य | प्रमुख, सिभिल निर्माण महाशाखा |
| १४. श्री भरत गुरागाई | प्रमुख, करार प्रशासन महाशाखा |
| १५. श्री सुरेन्द्र विष्ट | लेखा अधिकृत |
| १६. श्री साङ्गे वाङचुक लामा | इन्जिनियर |

**(ख) आमन्त्रित :**

| | |
|---|---|
| १. श्री नविन कुमार भट्टराई | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री प्रतिक खनाल | लेखापरीक्षक, आ.व. २०८०/०८१ |
| ३. श्री सन्दीप कार्की | प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड |

**(ग) संस्थापक शेयरधनीका प्रतिनिधिहरु :**

| | |
|---|---|
| १. श्री श्रीराज बज्राचार्य | प्रतिनिधी, चिलिमे जलविद्युत कम्पनी लिमिटेड |
| २. श्री भरत शमसेर भट्टराई | प्रतिनिधी, नेपाल विद्युत प्राधिकरण |
| ३. श्री सुरेश अधिकारी | जिल्ला समन्वय समिति, रसुवा |
| ४. श्री प्रतिमा तमाङ | गोसाइकुण्ड गाउँपालिका, रसुवा |
| ५. श्री हरिकृष्ण देवकोटा | कालिका गाउँपालिका, रसुवा |

**(घ) सर्वसाधारण समुह तर्फका शेयरधनीहरु :**

आ.व. २०८०/०८१ सम्ममा कम्पनीले सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनीहरुलाई छुट्याइएको जारी पूँजीको ४९% शेयरको सतप्रतिशत नै निष्काशन तथा बाँडफाँड गरिसकेको छ । उक्त शेयर बाँडफाँड पश्चात साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द मिति (Book Closed Date) २०८१/०९/१६ मा कायम शेयरधनीहरु मध्येबाट बाह्रौं वार्षिक साधारण सभामा १११ जना शेयरधनीहरु स्वयं तथा आफ्ना प्रतिनिधि मार्फत सभामा उपस्थिति हुनुभएको थियो ।

## ४. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु

बाह्रौं वार्षिक साधारण सभाको विषयसूचीमा रहेका निम्न विषयहरु छलफल तथा निर्णयका लागि सभामा प्रस्तुत गरिएको थियो:

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वासलात तथा आ.व. २०८०/०८१ को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनीको आ.व. २०८१/०८२ का लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा सुविधा सम्बन्धमा ।

५. कम्पनीको संचालक समितिमा रहने २ जना स्वतन्त्र संचालकको मनोनयन/निर्वाचन सम्बन्धमा ।

**५. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

कम्पनीको चुक्ता पूँजी रु. ६,८४,२१,००,००० अर्थात रु. १०० अंकित दरका ६,८४,२१,००० कित्ता शेयर मध्ये संस्थापक शेयरधनी समुहका लागि ५१% अर्थात ३,४८,९४,७१० कित्ता र सर्वसाधारण शेयरधनी समुहका लागि ४९% अर्थात ३,३५,२६,२९० कित्ता शेयर बाँडफाँड गरिएको छ । उक्त बाँडफाँड अनुसार संस्थापक शेयरधनी समुहबाट ३,४८,५९,५१० कित्ता (५०.९५%) शेयर धारण गर्ने प्रतिनिधिहरु र सर्वसाधारण शेयरधनी समुहबाट स्वयं तथा प्रतिनिधि (Proxy) मार्फत ३,८४,६०८ कित्ता (०.५६%) शेयर धारण गर्ने शेयरधनीहरु सभा स्थलमा उपस्थित भई हाजिरी जनाउनु भएको हुँदा दुबै समुहका गरी जम्मा ३,५२,४४,११८ कित्ता (५१.५१%) शेयर धारण गर्ने शेयरधनीहरुबाट कम्पनीको यस बाह्रौं वार्षिक साधारण सभामा प्रतिनिधित्व भएको हुँदा उक्त शेयर संख्या आवश्यक गणपुरक संख्या भन्दा माथि रहेको थियो ।

**६. सभाको वैधानिकता**

कम्पनीको चुक्ता पूँजीको ५०.९५% शेयर धारण गर्ने मुख्य संस्थापक शेयरधनीहरु आफ्ना प्रतिनिधि मार्फत र ०.५६% शेयर धारण गर्ने सर्वसाधारण समुहका शेयरधनी तथा निजका प्रतिनिधिहरुको समेत सभामा उपस्थिति रहेकाले जम्मा ५१.५१% शेयरधनीको प्रतिनिधित्व सभामा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा संचालन गर्नको लागि गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा सभास्थलमा उपस्थित शेयरधनीहरुको सभाले गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक संचालन गर्न अनुमति प्राप्त भएको थियो । सो पश्चात बाह्रौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीका संचालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रज्यूले गर्नुभयो ।

**७. सभा संचालन, प्रतिवेदन प्रस्तुत तथा प्रस्ताव उपर छलफल**

प्रकाशित सूचनामा उल्लेखित विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न सभाका अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सभाध्यक्षज्यूलाई कम्पनीको आ.व. २०८०/०८१ को बाह्रौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नहुन अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सर्वप्रथम विभिन्न बाधा व्यवधानहरुका वाबजुत कम्पनीले निर्माण गरेको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाबाट मिति २०८१/०९/१६ देखि व्यापारिक उत्पादन शुरु गर्न सफल भएकोमा शेयरधनीहरु माझ खुशि साटासाट गर्दै संचालक समितिको तर्फबाट आ.व. २०८०/०८१ वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उक्त प्रतिवेदन तथा उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को आर्थिक विवरण र संलग्न अनुसूचीहरु उपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न अनुरोध गरियो ।

रसुवागढी हाइड्रोपावर क. लि. RASUWAGADHI HYDROPOWER CO. LTD. 2011 A.D.

## ८. शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावहरु

अध्यक्षज्यूबाट प्रस्तुत भएको वार्षिक प्रतिवेदन र साधारण सभा सम्बन्धी विविध विषयहरुमा शेयरधनीहरुबाट सल्लाह, सुभाव तथा जिज्ञासाहरु सहितको मन्तब्य प्रस्तुत भएको थियो । सभामा संस्थापक शेयरधनी संस्था श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडका प्रतिनिधि श्री श्रीराज बज्राचार्य, कालिका गाउँपालिका रसुवाका प्रतिनिधि तथा उक्त गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटाले आ-आफ्नो धारण राख्नुभएको थियो । त्यसैगरी सर्वसाधारण शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठले आफ्नो लिखित धारणा पठाउनुभएकोले उहाँको धारण कम्पनी सचिवबाट सभामा वाचन गरिएको थियो ।

शेयरधनीहरुले विशेषगरी कम्पनीद्धारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक विद्युत उत्पादन शुरु भएकोमा खुसी व्यक्त गर्नुभएको थियो । सोहि अवसरमा शेयरधनीका प्रतिनिधिहरुबाट आयोजनाको निर्माणमा शुरुवाती पहलकदमी लिई उल्लेख्य योगदान गर्नुहुने अग्रज व्यवस्थापकहरुलाई स्मरण गर्दै उहाँहरुलाई धन्यवाद ज्ञापन समेत गर्नुभएको थियो ।

त्यसैगरी शेयरधनीहरुले कम्पनीले आर्थिक सुशासन कायम गरी समयमा नै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिंदै आगामी साधारण सभा प्रथम त्रैमासिक भित्र गर्न, खर्चमा मितव्ययीता अपनाउन र शेयरधनीहरुलाई छिट्टै लाभांश वितरण गर्ने प्रबन्ध गर्न संचालक समितिको ध्यानाकर्षण गराउनुभएको थियो ।

सभामा मन्तब्य राख्ने क्रममा शेयरधनी तथा शेयरधनीका प्रतिनिधिहरुबाट असोज २०८१ मा आएको बाढीले आयोजनामा के कति क्षति पुग्यो, कम्पनीले ऋण कहिले सम्म चुक्ता गरिसक्छ, आयोजनाको पछिल्लो लागत अनुमान र आयोजनामा भएको लगानी रकममा किन फरक परेको, शेयरधनीहरुलाई लाभांश कहिलेबाट वितरण हुन्छ भन्ने जस्ता विषयहरुमा आ-आफ्नो जिज्ञासा राख्नुका साथै उल्लेखित विषहरुमा संचालक समितिबाट स्पष्टताका लागि अनुरोध गर्नुभएको थियो ।

त्यसैगरी रसुवा जिल्लाको स्थानिय तह अन्तर्गतका शेयरधनीका प्रतिनिधिबाट रसुवा जिल्लामा निर्माण भएको जलविद्युत आयोजनाबाट स्थानिय स्तरमा रोजगारी सृजना हुनुका साथै आयोजनाबाट विद्युत उत्पादन गरी राष्ट्रिय प्रशारण लाइनमा जोडेर हालको देशको उर्जा संकटलाई सहज बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेकोमा कम्पनी प्रति आफुलाई गर्व महशुस भएको धारण राख्नुभएको थियो । साथै उहाँले आयोजनाको अति प्रभावित क्षेत्र बाहेक जिल्लाका अन्य भेगका बासिन्दाका लागि कम्पनी तथा आयोजनाबाट खासै सहयोग नभएको भनि जनताहरुले गुनासो गरिरहेकाले सो सम्बन्धमा कम्पनीबाट केहि सहयोगको अपेक्षा गरिएको विषय समेत राख्नुभएको थियो ।

## ९. संचालक समितिको तर्फबाट शेयरधनीहरुको जिज्ञासाका सम्बन्धमा अध्यक्षज्यूको धारण

शेयरधनी महानुभावहरुले उठाउनु भएको विषयवस्तुहरु निकै महत्वपुर्ण रहेको भन्दै अर्थपुर्ण छलफल र सुझावका लागि अध्यक्षज्युले शेयरधनीहरुलाई धन्यबाद दिनुभयो । त्यसैगरी, अध्यक्षज्युले कम्पनीका अग्रज व्यवस्थापहरुलाई स्मरण गर्दै कम्पनी स्थापना तथा आयोजनाको निर्माणमा उहाँहरुको योलदानको उच्च प्रसंशा गर्दै मञ्चबाट सभामा उपस्थित व्यक्तित्वहरुलाई अभिनन्दन समेत गर्दै शेयरधनीहरुका जिज्ञासाका बारेमा धारण राख्नुभएको थियो ।

कम्पनीद्धारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक विद्युत उत्पादन शुरु भइसकेकाले अब क्रमशः ऋणको भुक्तानी गर्दै जाने र वित्तीय रुपमा सहज परिस्थिति

बन्ने वित्तिक्कै शेयरधनीहरुलाई लाभांश वितरण गरिने व्यहोरा पनि अध्यक्षज्यूले सभामा जानकारी गराउनु भयो । त्यसैगरी आगामी वार्षिक साधारण सभा यो भन्दा अगावै गर्न र खर्चमा मितव्ययिता अपनाउन शेयरधनीहरुबाट प्राप्त सुझावलाई ग्रहण गर्दै सोका लागि अधिकतम् प्रयास गरिने, असोज २०८१ को बाढिले आयोजनाको मुख्य संरचनाहरुमा क्षति नपुगेको तर पहुँच मार्गहरु भत्किनुका साथै बाहिर रहेका केहि मेसिन उपकरणहरुमा र ११ के.भी. प्रशारण लाइन र सो को केवलमा क्षति पुगेको विषय पनि अध्यक्षज्यूले सभामा जानकारी गराउनु भयो ।

त्यसैगरी शेयरधनीहरुको जिज्ञाशालाई स्पष्ट पार्ने क्रममा अध्यक्षज्यूले आयोजना निर्माण सम्पन्न भई आयोजनाबाट व्यापारिक उत्पादन शुरु भए पश्चात विद्युत बिक्रीबाट कम्पनीले गर्ने आम्दानीको केहि हिस्सा रोएल्टी वापत स्थानिय तहमा समेत जाने भएकाले सो बाट आयोजना प्रभावित क्षेत्र र जिल्लाको अन्य भेगमा विकास निर्माण र जनताको जिवनस्तर उकास्ने खालका गतिविधिहरु गर्न सहयोग पुग्ने धारणा पनि व्यक्त गर्नुभयो । अन्त्यमा अध्यक्षज्यूबाट शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको धारणा र विश्वासबाट आफु र कम्पनीलाई निकै गर्व महसुस हुनुका साथै यसबाट अझ थप हौसला प्राप्त भएको र शेयरधनीहरुको आशा र भरोशालाई निराशामा परिणत हुन नदिने प्रतिवद्धता व्यक्त गर्दै सम्पूर्ण शेयरधनीलाई पुनः धन्यवाद दिनुभयो ।

**१०. निर्णयहरु**

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाका सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्नुभए पश्चात कम्पनी सचिवबाट बाह्रौं साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिमका प्रस्तावहरु स्वीकृतिका लागि पेश भए पश्चात सभाबाट निम्नानुसारको निर्णयहरु भयो ।

**(क) सामान्य प्रस्ताव तथा निर्णय**

१. साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुभएको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई संचालक समितिबाट शेयरधनीहरुको जिज्ञासालाई स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण भएको कम्पनीको आ.व. २०८०/०८१ को आर्थिक विवरणहरु (२०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/०८१ को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

३. कम्पनीको आ.ब. २०८१/०८२ को लेखापरीक्षण गर्न श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री भुपराज न्यौपानेलाई लेखापरीक्षण शुल्क मु.अ.क. बाहेक रु. ३ लाख उपलब्ध गराउने गरी लेखापरीक्षकमा नियुक्त गर्न स्वीकृतीका लागि शेयरधनीज्यूहरु समक्ष अनुरोध गरिएकोमा सभाबाट उक्त प्रस्ताव

सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

४. यस कम्पनीका संचालकहरुलाई बैठकमा उपस्थित भए वापत उपलब्ध हुने बैठक भत्ता र मासिक रुपमा उपलब्ध हुने यातायात तथा संचार सुविधालाई समय सापेक्षित तथा संस्थापक र भगिनी कम्पनीहरुसंग एकरुपता कायम हुनेगरी परिमार्जन गर्न हाल रु. ६,००० रहेको संचालक समितिको बैठक भत्तामा रु. ३,००० ले बृद्धि गरी रु. ९,००० र हाल रु. १,५०० रहेको यातायात सुविधा र रु. १,००० रहेको संचार सुविधालाई एकमुष्ट रु. १०,००० कायम गर्ने प्रस्ताव स्वीकृत गरिदिनुहुन सम्मानित शेयरधनी महानुभावहरु समक्ष अनुरोध गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

५. ऐन नियममा भएको प्रावधान मुताविक कम्पनीको संचालक समितिमा रहने २ जना स्वतन्त्र संचालकको मनोनयन/निर्वाचनका लागि ऐन, नियमको परिधि भित्र रही सम्भावित तथा इच्छुक व्यक्तिहरुको पहिचान गरी निजहरु मध्येबाट २ जना स्वतन्त्र संचालक नियुक्तिका लागि साधारण सभामा पेश गर्ने संचालक समितिको निर्णय भएता पनि यस अवधीमा स्वतन्त्र संचालकका लागि इच्छुक व्यक्तिहरुको पहिचान गरी सभामा स्वीकृतीका लागि प्रस्ताव गरिने कार्य प्रक्रियामै रहेकाले अर्को साधारण सभामा पेश गरिने निर्णय संचालक समितिबाट भएको व्यहोरा सभा समक्ष कम्पनी सचिवबाट जानकारी गराइयो । संचालक समितिको उक्त निर्णयमा शेयरधनीहरुबाट समर्थन व्यक्त भयो ।

६. सामान्य प्रस्तावको विविध अन्तर्गत कुनै पनि प्रस्ताव दर्ता नभएको व्यहोरा कम्पनी सचिवबाट सभामा जानकारी गराईयो ।

**११. साधारण सभा समापन भएको घोषणा**

कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले महत्वपूर्ण सल्लाह र सुझाव दिई कम्पनीलाई मार्गनिर्देशन गरिदिनु भएकोमा विशेष धन्यवाद दिंदै शेयरधनीहरुको राय सल्लाह तथा सुझाव अनुसार कम्पनीले आगामी दिनमा आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सहज रुपमा सभा संचालन गर्न सहयोग गरिदिनु भएकोमा पुन: सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| (नरनाथ न्यौपाने) | (सुभाष कुमार मिश्र) |
| **कम्पनी-सचिव** | **अध्यक्ष** |

रसुवागढी हाइड्रोपावर क. लि.
RASUWAGADHI HYDROPOWER CO. LTD.
2011-A.D.